# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, साउन ८ गते २०३२ साल [ अतिरिक्ताङ्क २१

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३२ सालको ऐन नं. ४

मुकाव

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## वर्गीय र व्यावसायिक संगठनहरूको कार्य समितिहरूका पदाधिकारी र सदस्यहरूको पदावधि थप्न बनेको ऐन

प्रस्तावना:– विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूको प्रारम्भिक संगठन बाहेक अन्य तह–हरूको कार्य समितिहरूका पदाधिकारी र सदस्यहरूको पदावधि यही २०३२ साल जेठदेखि २०३३ साल वैशाखसम्ममा समाप्त हुने भैरहेकोमा सो समाप्त भएपछि ती रिक्त पद पूर्ति नभएसम्म तत्काल कायम रहेका पदाधिकारी र सदस्यहरूको पदावधि कायमै राख्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र विस्तार:– (१) यो ऐनको नाम "वर्गीय र व्यावसायिक संगठन (कार्य समितिहरूको पदाधिकारी र सदस्यहरूको पदावधि) ऐन, २०३२" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "वर्गीय र व्यावसायिक संगठन" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम स्थापना भएको नेपाल किसान संगठन, नेपाल महिला संगठन, नेपाल भूतपूर्व सैनिक संगठन, नेपाल युवक संगठन र नेपाल मजदूर संगठन सम्झनु पर्छ।

(ख) "पदाधिकारी र सदस्यहरू" भन्नाले वर्गीय र व्यावसायिक संगठनको प्रारम्भिक संगठन बाहेक अन्य तहहरूको कार्य समितिहरूका पदाधिकारी र सदस्यहरू सम्झनु पर्छ।

३. पदाधिकारी र सदस्यहरूको पदावधिको थप व्यवस्था:– तत्काल कायम रहेका पदाधिकारी र सदस्यहरूको पदावधि प्रचलित नेपाल कानूनबमोजिम २०३२ साल जेठदेखि २०३३ साल वैशाख महीनासम्ममा जुनसुकै समयमा समाप्त हुने भइरहेको भए पनि सो समाप्त भएपछि ती रिक्त पद पूर्ति नभएसम्म तत्काल कायम रहेका पदाधिकारी र सदस्यहरूको पदावधि कायमै रहेको मानिने छ।

४. खारेजी र त्यस्को परिणाम:– (१) वर्गीय र व्यावसायिक संगठन (कार्य समितिहरूका पदाधिकारी र सदस्यहरूको पदावधि थप्ने) अध्यादेश, २०३२ खारेज गरिएको छ।

(२) उप–दफा (१) बमोजिम अध्यादेश खारेज भए तापनि यो ऐन सो अध्यादेश जारी भएको मिति २०३२।२।२६ देखि नै लागू भएको मानी सो अध्यादेश अन्तर्गत भएको वा गरिएको कुनै काम कारवाई यसै ऐन अन्तर्गत भएको वा गरिएको मानिने छ।

लालमोहर सदर मिति:– २०३२।४।३।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9600